**आ.व. ०८१/८२ को पहिलो बैठक**

आज मिति २०८१ साल असोज ०६ गते आईतबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री मिलन कुमार लिम्बु | सदस्य | ९८४७८०५७५८ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री अभिषेक घिमिरे | सदस्य-सचिव | ९८५२६६०४६० | |

अन्य

सहायक प्र.अ. श्री शिव कुमार काम्बाङ [illegible]

का.स. श्री धन ब. [illegible]

निर्णयहरु:

निर्णय नं.१

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री अभिषेक घिमिरेबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

यस पाथीभरा याङवरक गाउँपालिकाको वडा नं.-३, तिरिङ्गे, ताप्लेजुङमा आ.व.०८१/०८२ को लागि विनियोजित "तिरिङ्गे गिद्दे पहरा धर्ति फाटा पर्यटकीय क्षेत्र विकास निर्माण (क्रियाकलाप संकेत नं.11.4.22.14655)" आयोजना LMBIS मा ठेगाना मेरिङ्देन गाउँपालिका, ताप्लेजुङ भएकोमा उक्त आयोजना यस पाथीभरा याङवरक गाउँपालिका, ताप्लेजुङको ३ नं. वडामा पर्ने भएको हुनाले आयोजनाको ठेगाना LMBIS मा संशोधन गर्नको लागि श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंलाई पत्राचार गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-३

वडा नं.-५ को पोखरी धारा खानेपानी निर्माण आयोजनाको कन्टेन्जेन्सी बाहेक रकम रु.५५७६७५८.२ (५७२३२२०.८१ कन्टेन्जेन्सी सहित) र वडा नं.-६ को खेलकुद मैदान निर्माण आयोजनाको कन्टेन्जेन्सी बाहेक रकम रु.११०४३००९.४३।– (११३३४७२६.५० कन्टेन्जेन्सी सहित) सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ बमोजिम लागत अनुमान स्वीकृत गरी ठेक्का आव्हान गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-४

यस पाथीभरा याङवरक गाउँपालिका वडा नं.-२ स्थित सनलाइट युनाइटेड युथ क्लबलाई बडा दशै तथा दिपावलीको अवसरमा खेलकुद कार्यक्रम आयोजना गर्नको लागि अन्य खेलकुद शिर्षकबाट व्ययभार हुनेगरी रकम रु.२,००,०००।–(अक्षरेपी दुई लाख मात्र।) उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-५

यस पाथीभरा याङवरक गाउँपालिकाअन्तर्गतका तपसिल बमोजिमका प्रहरी चौकीहरुलाई दशैंको अवसरमा मौलो पुजा गर्नको लागि प्रति प्रहरी चौकी १५,०००।-(अक्षरेपी पन्ध्र हजार मात्र।) विविध शीर्षकबाट व्ययभार हुनेगरी रकम उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

१. मेवाखा प्रहरी चौकी, नाङखोल्याङ,
२. थेचम्वु प्रहरी चौकी, थेचम्बु,
३. थुम्वेदिन प्रहरी चौकी, थुम्वेदिन,
४. सुकेटार प्रहरी चौकी,

निर्णय नं.-६

लाखेजात्रा सञ्चालन समिति, ताप्लेजुङद्वारा आयोजित ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिता-२०८१ लाई अन्य खेलकुद शीर्षकबाट व्ययभार हुनेगरी यस गाउँपालिकाद्वारा ५०,०००।-(अक्षरेपी पचास हजार रुपैया मात्र।) आर्थिक सहयोग गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-७

यस गाउँपालिका भित्र रहेका तपसिल बमोजिमको सडकहरु मर्मत गर्नु पर्ने अवस्था भएकोले उक्त सडकहरु मर्मत गर्नको लागि ब्याक हो लोडरलाई पठाउने सर्वसहमतिले निर्णय गरियो।

तपसिलः

१. मेवाखा-सुकेटार सडकखण्ड,
२. पिपले-कात्तिके सडकखण्ड,
३. खहरे-पुर्णेडाँडा सडकखण्ड,
४. पुर्णेडाँडा-सिवाखोला सडकखण्ड,
५. चतुरे-तिरिङ्गे सडकखण्ड,
६. यमासेन-सुनुवार गोलाई सडकखण्ड,
७. सिवाखोला-तालखर्क हुँदै ओदिले-तिरिङ्गे-थुम्वे-सिम्बेवा सडकखण्ड,
८. ओख्रे-ओलक-फावाखोला सडकखण्ड,
९. ख्वाङ-चाक्सीबोटे सडकखण्ड,
१०. चिउरीगोलाई-थुम्वेदिन मा.वि. हुँदै वाग्ले गाउँसम्मको सडकखण्ड।

निर्णय नं.-८

यस कार्यालयमा निवेदन दिएका तपसिल बमोजिमका निवेदकलाई विपन्न नागरिक उपचार सहायता कोषबाट व्ययभार हुनेगरी आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

| क्र.स. | निवेदकको नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मनमाया राई | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | १००००।- | |
| २ | मिना कुमारी गुरुङ | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | १००००।- | |
| ३ | दावा साङ्बु गुरुङ | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | १००००।- | |
| ४ | कृष्ण बहादुर गुरुङ | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | १००००।- | |
| ५ | बेलास कुमार खिम्दिङ | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | १००००।- | |
| ६ | भुपेन्द्र अधिकारी | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | ३००००।- | |
| ७ | घनेन्द्र कुमारी इजम | पाथीभरा याङवरक-३, ताप्लेजुङ। | २००००।- | |
| ८ | देवी प्रसाद इजम | पाथीभरा याङवरक-३, ताप्लेजुङ। | ३००००।- | |
| ९ | भीम बहादुर गोले इजम | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | ३००००।- | |

| | | | | |
|---|---|---|---|---|
| १० | चन्द्र बहादुर विश्वकर्मा | | १००००।- | |
| ११ | याद बहादुर कटुवाल | पाथीभरा याङवरक-३, ताप्लेजुङ। | १००००।- | |
| १२ | सिता वि.क. | पाथीभरा याङवरक-२, ताप्लेजुङ। | १००००।- | |
| १३ | चन्द्र कुमार लिम्बु | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | १००००।- | |
| १४ | विनिता थेवे | पाथीभरा याङवरक-६, ताप्लेजुङ। | २००००।- | |
| १५ | बुधमाया लिम्बु | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | १००००।- | |
| १६ | हरीमाया गौतम | पाथीभरा याङवरक-१, ताप्लेजुङ। | १००००।- | |
| १७ | खड्ग बहादुर थापा | पाथीभरा याङवरक-२, ताप्लेजुङ। | १००००।- | |

निर्णय नं.-९

आ.व.०८१-८२ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको लागि खरिद गुरुयोजना स्वीकृत गरी कार्यान्वयन गर्ने गरी सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-१०

नागरिकसँग स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-११

पाथीभरा याङवरक गाउँपालिकाको सार्वजनिक जवाफदेहिता सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१२

UWS, सिद्ध कुमारी आ.वि., तिरिङ्गे र पाथीभरा याङवरक गाउँपालिका विच भएको त्रिपक्षीय सम्झौतामा उल्लेखित शर्त नं. ३ मा सम्झौताको दोश्रो पक्ष अर्थात सिद्ध कुमारी आ.वि.को व्ययभार हुने खर्च विद्यालयसँग स्रोतको अभाव रहेको कारण गाउँपालिकाले नै व्ययभार गरिदिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१३

यस गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुको संख्या, दक्षता, विज्ञता तथा उपकरणसमेतको अभावका कारण यस पालिका अन्तर्गतका देहायका योजनाहरु कार्यान्वयनका लागि आगामी वर्षहरुमा क्रमशः स्रोत सुनिश्चित गर्दै लैजाने गरी आ.व.०८१/०८२ को वार्षिक बजेटको पुँजीगत अनुसन्धान तथा परामर्श शिर्षकबाट व्ययभार हुने गरी परामर्श सेवा खरिद प्रकृया अघि बढाई विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने सर्वसहमतिले निर्णय गरियो।

| क्र.स. | आयोजनाको नाम |
|---|---|
| १ | वडा नं. ४ को प्रशासनिक भवन निर्माण |
| २ | वडा नं. ६ को प्रशासनिक भवन निर्माण |
| ३ | वडा नं. ६ स्थित श्री शारदा मा.वि.को भवन निर्माण |

निर्णय नं.-१४

यस पाथीभरा याङवरक गाउँपालिकाको प्राविधिक शाखामा कार्यरत प्राविधिक कर्मचारीहरुको कार्यचाप यकीन गरी निजहरुको सुरु तलब स्केलको बढीमा ३५ प्रतिशतमा नबढ्ने गरी कन्टेन्जेन्सी खर्च शिर्षकबाट मासिक प्रोत्साहन भत्ता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. १५

यस पाथीभरा याङवरक गाउँपालिकाको नव निर्मित कर्मचारी आवास गृह भवनमा फर्निचर तथा मेसिनरी सामाग्रीहरु व्यवस्थापन गर्नु पर्ने भएको हुँदा, आ.व.०८१/०८२ को स्वीकृत कार्यक्रमको फर्निचर तथा फिक्चर्स शिर्षकबाट व्ययभार हुने गरि खरिद गर्ने सर्वसहमतिले निर्णय गरियो।